बैठक संख्या ६१

आज मिति २०७६ साल मंसिर ६ गतेका शुक्रबाारका दिन यस कनकाई नगरपालिका कार्यालयका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्ष्यतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य, सहीतको उपस्थितिमा कनकाई नगर कार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसारका निर्णय गरियो ।

१. नगर प्रमुख राजेन्द्र कुमार पोखरेल–

२. नगर उप प्रमुख मञ्जु प्रसाई–

३. वडा अध्यक्ष रोशन राज पोखरेल–

४. वडा अध्यक्ष परशुराम गिरी –

५. वडा अध्यक्ष रुद्र प्रसाद चिमरीया–

६. वडा अध्यक्ष गोबिन्द प्रसाद पौडेल–

७. वडा अध्यक्ष कृष्ण बहादुर राई–

८. वडा अध्यक्ष लक्ष्मी प्रसाद ओली –

९.वडा अध्यक्ष लीला बहादुर कन्द

१० वडा अध्यक्ष प्रेम बहादुर कटुवाल–

११. वडा अध्यक्ष प्रेम प्रसाद राजवंशी–

१२. कार्यपालिका सदस्य सिता अधिकारी–

१३. कार्यपालिका सदस्य साबित्रा बर्देवा–

१४. कार्यपालिका सदस्य चुवा लाल राजवंशी–

१५. कार्यपालिका सदस्य देवेन्द्र कुमार दर्जी–

१६. कार्यपालिका सदस्य कृष्ण माया भुजेल–

१७. कार्यपालिका सदस्य सुनिता खरेल सिग्देल–

१८. कार्यपालिका सदस्य नवलकिशोर दत्त कायस्थ–

१९. कार्यपालिका सदस्य मुना बयलकोटी

२० सदस्य सचिव प्र प्र अ खरुदेव चुडाल

अन्य कर्मचारी:

अधिकृत विवेक भण्डारी

## प्रस्तावहरु

१. डि.पि.आर गर्न इच्छुक लाई दररेट माग गर्ने सम्बन्धमा ।
२. विषयगत समितिहरुबाट प्राप्त सिफारिसहरु सम्बन्धमा ।
३. हरियाली अभियान प्रा.लिको सूचीकरण सम्बन्धमा ।
४. उत्खनन अनुमति सम्बन्धमा ।
५. अनुगमन समितिलाई पूर्णता दिने सम्बन्धमा ।
६. श्रमिक स्वाबलम्बी कार्यक्रमको संयोजक सम्बन्धमा ।
७. रक्तअल्पता रोगी लाई सामाजिक सुरक्षा सम्बन्धमा ।
८. सहयोग तथा अनुदान सम्बन्धमा ।
९. सेवा करार सम्बन्धमा ।
१०. कर्मचारीको स्तरवृद्धि सम्बन्धमा ।
११. घर नक्शा अभिलेखीकरणको म्याद थप सम्बन्धमा ।
१२. खर्च अनुमोदन सम्बन्धमा ।
१३. कार्यक्रम संचालन सम्बन्धमा ।
१४. वडा नं ६ को कार्यालयको लागि घरभाडामा लिने सम्बन्धमा ।
१५. बोलपत्र सम्बन्धमा ।

## निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा आ.व. ०७६/७७ मा यस नगरपालिका बाट संचालन हुने (संघ/प्रदेश लगायतका शीर्षक समेत) सडक निर्माणका लागि डि.पि.आर गर्न इच्छुक फर्म/ कम्पनीहरुलाई ६ देखि १० मि. चौडाइ भएका सडकहरुको प्रति कि.मी डि.पि. आरसम्पन्न गर्न सकिने न्यूनतम दररेट माग गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा विषयगत समितिहरुबाट प्राप्त सिफारिस तथा प्रतिवेदनहरु कार्यपालिकामा पेश गरी अनुमोदन हुने व्यवस्था मिलाइने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा हरियाली अभियान प्रा.लिको कार्यक्रम सूचीकृत गरिपाउँ भन्ने निवेदन बैठकमा पेश भएको हुँदा सामाजिक समितिले सो संस्थाबारे आवश्यक जाँचबुझ, अध्ययन गरेर आगामी बैठकमा पेश गने निर्णय गरियो ।

४. प्रस्ताव नं . ४ माथि छलफल गर्दा यस कार्यालयमा बिर्तामोड न.पा ५ निवासी भोला उप्रेतीबाट कनकाई न.पा ८ मा अवस्थित निज र निजको छोरा श्री सन्दिप उप्रेती समेतका नाममा रहेको जग्गा बिरिंग नदीले कटान गरेको हुँदा सो जग्गाबाट आर.वि.एम (River Bed Material) उत्खनन गर्न पाउँ भनी प्राप्त निवेदनमाथि बैठकमा छलफल गर्दा आर.वि.एम उत्खनन गर्न अनुमति प्रदान नगर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस नगरपालिकाको अनुगमन समितिमा रिक्त सदस्य पदमा वडा नं ९ का वडाध्यक्ष श्री प्रेमराज राजवंशी र भौतिक पूर्वाधार विकास समितिको संयोजक श्री सुनितां खरेल

सिग्देल लाई थप गर्ने निर्णय गरियो । साथै प्रमुख प्रशासकीय अधिकृतको सट्टा योजना शाखा प्रमुख (छैठौं) रहने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा यस नगरपालिकामा रहेको श्रमिक स्वाबलम्बी कार्यक्रमका संयोजक श्री जनक कार्कीले कार्यव्यस्तता जनाई राजीनामा पेश गरेकोमा निजको राजीनामा स्वीकृत गर्ने निर्णय गरियो । साथै श्रमिक स्वाबलम्बी कार्यक्रमका संयोजकको रुपमा श्री मातृका पोखरेल लाई मनोनयन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा रक्त अल्पता रोगले पिडित कनकाई ३ सुरुंगा निवासी श्री महिमा घिमिरे र कनकाई ३ सुरुंगा निवासी श्री कमलनाथ उप्रेती (२ जना) लाई प्रतिव्यक्ति मासिक रु १६००।- का दरले सामाजिक सुरक्षाको रुपमा यही मंसिर महिनादेखि उपलब्ध गराउने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा तपशिलमा उल्लेखित संस्थाहरुलाई निम्नबमोजिम सहयोग गर्ने निर्णय गरियो ।

| सि.नं | संस्था | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १ | नेपाल आदिवासी जनजाति महासंघ | रु २५०००।- | आर्थिक सहायता अनुदान । |
| २ | शिवसताक्षी कोटीहोम महायज्ञ | रु २,००,०००।- | गौशाला व्यवस्थापन सम्बन्धी कार्यक्रमको लागि । |
| ३ | पुकार समाज अपांग कार्यक्रम | रु १,००,०००।- | पेश भएको कार्यक्रम बमोजिम । |

साथै गोबरग्यास निर्माण गर्ने नगरवासीलाई बजेटको परिधि भित्र रहेर पहिलो आउनेलाई प्राथमिकतामा राखी पक्की बनाउनेको हकमा रु १५०० प्रति घनमिटर र डोम बनाउँदा रु १००० प्रति घनमिटर अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

९.प्रस्ताव नं ९ माथि छलफल गर्दा यस कार्यालयको दैनिक कार्यसम्पादन गर्न स्थायी कर्मचारी पर्याप्त नभएकोले समायोजन भएका कर्मचारी समेत आइनसकेको हुँदा कार्यबोझका कारण हाल दैनिक कार्यसम्पादन गरी नगरबाट उपलब्ध गराइनुपर्ने सेवा अझ चुस्त दुरुस्त बनाउनका लागि देहायका पदमा सेवा करार गर्नको लागि आवश्यक स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं | पद | तह | संख्या | अनुभव | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि विकास अधिकृत | छैठौं | १ | सेवा सम्बन्धी कार्यमा कम्तीमा ३ वर्ष अनुभव भएको । | |
| २ | सिभिल इन्जिनियर | छैठौं | १ | सेवा सम्बन्धी कार्यमा कम्तीमा ३ वर्ष अनुभव भएको । | |

साथै कनकाई ५ निवासी श्री रविन्द्र मण्डलले यस नगरपालिकाको पशु सेवा शाखामा भोलेन्टियर को रुपमा कार्यरत रहेको र पशु सेवा शाखामा रिक्त जे.टी.ए पदमा करारमा नियुक्त गरिपाउँ भनी प्राप्त निवेदनमाथि बैठकमा छलफल गर्दा निजलाई जे.टी.ए पदमा करार सम्झौता गर्ने निर्णय गरियो ।